## अभिलेखीकरण गर्न छुट भएका घर तथा भौतिक संरचनाहरुको अभिलेखीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस भरतपुर महानगरपालिकामा नगरवासीहरुको सुविधालाई ध्यानमा राखी मिति २०८० साल भाद्र २९ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार भरतपुर महानगरपालिका क्षेत्र भित्र व्यापारिक, आवासीय तथा अन्य सबै प्रयोजनका भवनहरुलाई नक्सा पास भै निर्माण गर्दा राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी बिना स्विकृती क्षेत्रफल घटबढ गरी निर्माण भएको, राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी बिना स्वीकृति तला थप भएको भवनहरुको हकमा तत्कालिन सडक अधिकार क्षेत्र र नक्सा पास बिना निर्माण भएका भवनहरुको हकमा हालको सडक अधिकार क्षेत्र र सो बाटोको सेट ब्याक अनुसारको मापदण्ड भित्र नपरेका, राष्ट्रिय भवन संहिता प्रतिकूल हुने गरी निर्माण भएका संरचनाहरुको अभिलेखिकरण गरी भवन निर्माण सम्पन्नता प्रमाण-पत्र प्रदान गर्ने, उक्त भवनको कारणले उत्पन्न हुने सबै मानवीय तथा भौतिक क्षतिको जिम्मेवार स्वयं सम्बन्धित घरधनी हुने गरी जमिनको सतहमाथि देखिने घर तथा अन्य संरचनाको अभिलेखीकरणको लागि नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशन भएपछि निम्न शर्तहरु पालना गर्ने गरी आवश्यक कागजातहरु संलग्न राखी घर वा अन्य भौतिक संरचनाहरुको नक्सा २०८० साल पौष मसान्त भित्र महानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्पूर्ण सरोकारवाला नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

शर्त तथा आवश्यक कागजातहरु :

१. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि - १ प्रति

२. जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि - १ प्रति

३. जग्गाको नापी कार्यालयबाट कित्ता नं. स्पष्ट भएको नापी नक्साको प्रमाणित नक्सा - १ प्रति

४. जग्गाको चार किल्ला खुलेको विवरण - १ प्रति

५. चालू आर्थिक वर्षको सम्पतिकर तिरेको रसिदको प्रतिलिपि - १ प्रति

६. जग्गाधनीको पास पोर्ट साईजको रंगिन फोटो - २ प्रति

७. घरको स्पष्ट रंगिन फोटो (सबै दिशा छुट्टिने गरी)

८. यस कार्यालयमा सूचीकृत भएको Engineering Consultancy बाट तयार भएको A3 साईजको नक्सा ३ सेट

९. रीतपूर्वक पेश नभएका तथा सम्पूर्ण विवरण नभरी पेश हुन आएका घर नक्साहरु, सार्वजनिक जग्गा , बाटो, नहर, कूलो, पोखरी आदि मिची निर्माण गरीएको भवन तथा भौतिक संरचनाहरु महानगरपालिकाबाट अभिलेखीकरण हुने छैनन्।

१०. अभिलेखिकरण प्रयोजनको लागि नक्सा पेश गर्न घरधनी स्वयं वा निजको वारेस उपस्थित हुनु पर्नेछ।

११. अभिलेखीकरणका लागि घर नक्सा पेश गरी प्रमाण पत्र वितरण कार्य २०८१ साल असार मसान्तसम्म मात्र हुनेछ।

२०८०।६।९

..............................
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner